Merri-bek
City Council

# 7 शितल घर बनाउको लागि सुझावहरू

## यो गर्मीमा निकै तातो हुन गइरहेको छ

तपाईंको घरलाई चिसो बनाउन र तपाईंको ऊर्जा बिल बचत गर्न यहाँ 7 सुझावहरू छन् । केही सुझावहरू सजिलो र कम लागतका छन् । अरूहरू महंगा छन् तर दीर्घकालीन लगानी हुनेछ ।

☑ यी सुझावहरू हेर्न आफ्नो घरको फ्रिजमा यी सुझावहरू टाँस्नुहोस्।



सजिलो र कम लागत $

### शितल कोठा बनाउनुहोस्

**पैसा बचत गर्न एउटा कोठालाई चिसो राख्नमा ध्यान दिनुहोस्**

- तपाईंको घरको सबैभन्दा चिसो कोठा खोज्नुहोस्!
- अन्य कोठा तर्फका झ्याल र ढोका बन्द गर्नुहोस्
- यदि तपाईंको घर खुला बनावटको छ भने प्रयोग नगरिएका क्षेत्रहरूलाई पर्दा वा कम्बल लगाएर बन्द गर्नु होस्
- कोठालाई चिसो बनाउन पंखा र वातानुकूलन (एयर-कन्डिसनर) प्रयोग गर्नुहोस्
- ऊर्जाको प्रयोग कम गर्न आफ्नो एयर-कन्डिसनर 26 डिग्रिमा सेट गर्नुहोस्
- आफ्नो एयर-कन्डिसनरलाई पहिले नै खोल्नुहोस् । यदि घर पहिले नै तातो छ भने एयर-कन्डिसनर निकै लामो चलाउनु पर्ने हुन्छ



सजिलो र कम लागत $

### सबै प्वालहरू ताल्नुहोस्

**प्वालबाट तपाईंको घरमा तातो हावा आउन रोक्नुहोस्**

- झ्याल, ढोका र फ्लोरबोर्डको बीचमा खाली ठाउँहरू छ कि जाँच गर्नुहोस्
- खाली ठाउँहरू ताँस्न ड्राफ्ट स्टपरहरू प्रयोग गर्नुहोस् । तपाईं पुरानो मोजा र स्टकिंगहरू प्रयोग गरेर घरमा ड्राफ्ट स्टपरहरू बनाउन सक्नुहुन्छ, वा केवल रूमाल वा तन्नाहरूलाई बेरेर प्वाल तास्न सक्नुहुन्छ ।



सजिलो र कम लागत $

### आफ्ना छिमेकीहरूलाई चिन्नुहोस्

**गर्मीको लहरको समयमा मद्दत प्राप्त गर्न वा अरूलाई मद्दत गर्न सक्षम हुनु महत्त्वपूर्ण छ ।**

- तपाईंले मद्दत माग्न वा तपाईंले मद्दत गर्नको लागि फोन गर्न मिल्ने मान्छे नजिकको चिन्ने मान्छे भएको[APS1] [s2]  निश्चित गर्नुहोस् ।
- आपतकालिन अवस्थामा फोन गर्न फोन नम्बरहरू साटासाट गर्नुहोस् ।




## तपाईंको बगैंचालाई पानी दिनुहोस्

**रूखहरू र बोटबिरुवाहरूले छायाँ प्रदान गर्छन् र तपाईंको घर वरपरको हावालाई चिसो बनाउन मद्दत गर्छन् ।**

- गर्मीको लहर अघि आफ्नो बगैंचामा पानी हाल्नु उत्तम हुन्छ
- बिहान वा बेलुका पानी हाल्नुहोस्
- माटो सुक्खा हुनबाट रोक्नको लागि बोटबिरुवाको वरिपरि मल्च राख्नुहोस्
- पानीको प्रतिबन्धको बारेमा सचेत रहनुहोस् ।




## माइक्रोवेभ प्रयोग गर्नुहोस्

**तपाईंको माइक्रोवेभले पकाउन, डिफ्रस्ट गर्न र पुनः तताउन साधारण ओभन भन्दा कम ऊर्जा प्रयोग गर्दछ ।**

- माइक्रोवेभहरूले आफ्नो ऊर्जाको धेरैजसो भाग भान्सामा होइन, खानामा केन्द्रित गर्छ। यसको मतलब तपाईं आफ्नो घरमा खाना पकाउँदा निस्कने ताप हटाउँछ र बढी आरामदायी हुनेछ र साथै कम ऊर्जा प्रयोग गर्नुहुनेछ ।




## आफ्नो झ्यालहरू छोप्नुहोस्

**झ्यालहरूलाई भित्र र बाहिर घामबाट छेक्नुहोस्।**

- बाहिर: छायाँ कपडा लगाउनु होस् वा घाम रोक्नको लागि बिरुवाहरू राख्नुहोस्
- भित्र: तापलाई फर्काउन मद्दत गर्ने फिक्का रङहरूका बाक्लो पर्दाहरू छनौट गर्नुहोस्
- गाढा रङहरू र धातुको भेनेसियन ब्लाइन्डहरू नलगाउनुहोस् किनकि तिनीहरूले ताप सोस्छ।




## बिजुलीको खर्च घटाउनुहोस्

**यदि तपाईं गर्मीको समयमा आफ्नो एयर-कन्डिसनर प्रयोग गर्ने लागतको बारेमा चिन्तित हुनुहुन्छ भने, सौर्य ऊर्जाले मद्दत गर्न सक्छ ।**

- तपाईंको घरको ऊर्जा किफायती सुधार गर्न धेरै सरकारी प्रोत्साहनहरू छन् ।
- आफ्नो घरधनीसँग कुरा गर्नुहोस् । यदि तपाईं भाडाको घरमा बस्नु हुन्छ भने र यो गर्मीमा घर शितल बनाउन ठूलो परिवर्तनहरू गर्नु पर्ने छ भने राज्य सरकारको छुटको बारेमा तपाईंको घरघनीसँग कुरा गर्नुहोस् ।

**Merri-bek सिटी काउन्सिलले मद्दत गर्न सक्छ ।**

- zerocarbonmerri-bek.org.au/energy-switch/